उमाकुण्ड गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
प्रिती, रामेछाप
बागमती प्रदेश, नेपाल

फोन नं ०४६-६९११२७

पत्र संख्याः २०८२।८३
च.नं ५८६

मितिः २०८२।०८।०७
११४६ थिंलाथ्व तृतीय

राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता-२०८२ का लागि गाडी भाडामा लिने सम्बन्धी सूचना !

प्रस्तुत विषयमा उमाकुण्ड गाउँपालिकाले मिति २०८२ मंसिर १५, १६ र १७ गते उमाकुण्ड गाउँपालिका वडा नं ३ स्थित कुबुंकास्थलीको धोबीटर खेलमैदानमा आयोजन हुने छैटौं राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा विद्यार्थीहरूलाई सहभागी गराउन विद्यालय परिसरदेखि कार्यक्रम स्थलसम्म सुरक्षित रूपमा लैजान तथा ल्याउन यातायात साधन (गाडी/बस) आवश्यक परेकाले इच्छुक तथा योग्य यातायात सेवा प्रदायकहरूलाई निम्न विवरणसहित प्रस्ताव पेश गर्न अनुरोध गरिन्छ ।

१. आवश्यक गाडीको प्रकारः
बस (सीट क्षमता अनुसार)
सवारी साधन कर-बीमासहित सुस्थिर अवस्थामा हुनु पर्नेछ।
२. सेवा अवधिः
मितिः २०८२ मंसिर १४ गते गुम्देल, प्रिती वडा नं ४ र ५, गुप्तेश्वर र भुजी देखि कार्यक्रम स्थालमा ल्याउन र १७ गते कार्यक्रम समापन पछि विद्यालय लैजान
समयः विद्यालयबाट प्रस्थानः ११:०० बजे बिहान
कार्यक्रम स्थलबाट फर्कने समयः ५:०० बजे बेलुका
३. प्रस्तावमा समावेश गर्नुपर्ने विवरणः
क) सवारी साधनको प्रकार, मोडल र सीट क्षमता
ख) कर तथा बीमा नवीकरण भएका प्रमाणको प्रतिलिपि
ग) चालकको लाइसेन्स प्रतिलिपि
घ) प्रति-गाडी भाडा दर (दुवै तर्फी)
४. सेवा दिन सकिने समय तथा उपलब्धताः प्रस्तावमा खुलाउनुपर्ने
५. प्रस्ताव पेश गर्ने अन्तिम मितिः २०८२।०८।१२ गते
६. प्रस्ताव पेश गर्ने समयः कार्यालय समयभित्र
७. प्रस्ताव पेश गर्ने स्थानः उमाकुण्ड गाउँपालिकाको कार्यालय

डावा शेर्पा
शिक्षा अधिकृत

यस सूचना बमोजिम प्रस्ताव पेश गर्ने सेवाप्रदायकहरूमध्ये गाउँपालिकाले आवश्यकता अनुसार उपयुक्त प्रदायक चयन गर्नेछ । सेवाप्रदायकले पेश गरेको कुनै पनि प्रस्ताव स्वीकार वा अस्वीकार गर्ने सम्पूर्ण अधिकार गाउँपालिकामा निहित हुनेछ ।